जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

# जिल्ला समन्वय समिति कास्कीको आन्तरिक आय खर्च संचालन कार्यविधी,

## २०८२




जिल्ला समन्वय समिति, कास्की

प्रतिलिपि प्रमाणित

# जिल्ला समन्वय समिति कास्कीको आन्तरिक आय खर्च संचालन कार्यविधी, २०८२

जिल्ला समन्वय समिति कास्कीको आन्तरिक आयलाई थप व्यवस्थित गरी आन्तरिक आयबाट खर्च दायित्व व्यहोर्ने गरी समग्र जिल्लाको विकास निर्माण कार्यको निरन्तर अनुगमन,समन्वय ,सहजीकरण तथा जिल्ला भित्र भए गरेका विकास निर्माण कार्य सन्तुलित भए नभएको र कार्यालय परिसर भित्र रहेका संरचनाहरूको निर्माण संचालन र व्यबस्थित गर्न समितिको आयलाई थप पारदर्शी मितव्ययी र बिधि सम्मत बनाउन महालेखा परीक्षकको कार्यालय तथा महालेखा नियन्त्रण कार्यालयको निर्देशनलाई समेत मध्यनजर गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ (४ ) वमोजिम जिल्ला समन्वय समितिले आवश्यक कार्यविधि निर्देशिका वनाई खर्च गर्ने प्रणालीको विकास गर्न मनासिव देखिएकोले जिल्ला समन्वय समितिको बैठक/सभाद्वारा स्वीकृत गरी आन्तरिक आय खर्च संचालन कार्यविधि वनाई लागु गरिएको छ ।

<u>प्रारम्भिक</u>

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधीको नाम जिल्ला समन्वय समिति कास्की "आन्तरिक आय खर्च संचालन कार्यविधी २०८२" रहनेछ ।

(२) यो कार्यविधी जिल्ला समन्वय समितिको बैठक/जिल्ला सभाले स्वीकृत गरे पछि लागु हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

क. "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) वमोजिम गठित जिल्ला समन्वय समिति सम्झनुपर्छ ।

ख. "जिल्ला सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) वमोजिमको जिल्ला सभा सम्झनुपर्छ ।

ग. "प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको प्रमुख सम्झनुपर्छ ।

घ. "उप प्रमुख" भन्नाले जिल्ला समन्वय समितिको उप प्रमुख सम्झनुपर्छ ।

ङ. "सदस्य" भन्नाले जिल्ला समन्वय समितिको सदस्य सम्झनुपर्छ ।

च. "जिल्ला समन्वय अधिकारी" भन्नाले जिल्ला सभाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने अधिकारीलाइ सम्झनुपर्छ ।

छ. "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुर्छ ।

ज "सभा" भन्नाले जिल्लासभा सम्झनुपर्छ ।

ज. "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

झ. "स्थानिय तह" भन्नाले महानगरपालिका वा गाउँपालिका सम्झनुपर्छ र सो शब्दले जिल्ला समन्वय समिति/ जिल्ला सभालाई समेत जनाउँछ ।

अ."कोष" भन्नाले जिल्ला समन्वय समितिको कोष सम्झनुपर्छ ।

ट."अन्य आय" भन्नाले जिल्ला समन्वय समितिमा अन्य स्रोतबाट प्राप्त हुने रकम बुझाउँछ ।

ठ . "सेवा करारका कर्मचारी" भन्नाले सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, सरसफाई, सुरक्षा गार्ड, माली, बगैचे, पाले पहराको समेत काम गर्ने कर्मचारी सम्झनुपर्छ ।

ड."मर्मत सम्भार" भन्नाले जिल्ला समन्वय समितिको आफ्नो स्वामित्वभित्र रहेको घर जग्गा लगायतका भौतिक सम्पत्ती सम्झनुर्छ ।

ढ,"विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन धनको क्षतीको साथै जिवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतीक विपद् सम्झनुपर्छ।

ण."प्राकृतिक विपद्" भन्नाले आगलागी ,हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी, बतास शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामूखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

## ३. कानुनी आधार

- स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ९२ (३),४र दफा ९३(२) बमोजिम अन्य स्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ ।
- महालेखा नियन्त्रण कार्यालय ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन ।

- महालेखा परीक्षकको कार्यालयको मिति २०८१/०९/०२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको विविध कोष र राजश्व दाखिला शिर्षकमा स्थानीय सरकार संचालन ऐन अनुसार खर्च गर्ने कार्यविधी र मापदण्ड तयार गरेको देखिएन । समितिले उक्त रकम खर्च गर्ने ऐन/ कार्यविधी तयार नगरेको भनी लेखी आएको ।

## ४. जिल्ला समन्वय समितिको बजेटको स्रोत

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९३ बमोजिम निम्न बमोजिम को रकम प्राप्त हुने

क. नेपाल सरकारबाट प्राप्त बजेट।

ख. प्रदेश सरकारबाट प्राप्त बजेट।

ग. अन्य आयबाट प्राप्त बजेट।

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसूची ४ को द्रष्टव्य को १ बमोजिम प्राप्स हुने प्राकृतिक स्रोतको रोयल्टी रकम।

ङ. ढुंगा, गिट्टी, नदीजन्य, खानीजन्य पदार्थको दण्ड, जरिवाना, जफत वापतको रकम।

अन्य आय

५. जिल्ला समन्वय समिति कास्कीको अन्य आय अन्तर्गत प्राप्त हुने स्रोतहरु

क. घर, जग्गा, सटर, कोठा भाडा वापत।

ख. ठूलो र सानो हल प्रयोग गरी भाडा वापत।

ग. ढुंगा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १४) वमोजिम पालिकावाट प्राप्त हुने प्रशासनिक खर्च।

घ. रोक्का फुकुवावाट प्राप्त रकम।

ङ. दण्ड जरिवाना वाट प्राप्त हुने रकम ।

च. अन्य स्रोतबाट प्राप्त हुने रकम।

## ६.अन्य आयबाट खर्च हुने क्षेत्रहरु

क. घर, सटर, कोठा मर्मत, रंगरोगन खर्च।

ख. वत्ती, पानी सरसफाईको लागि खर्च ।

ग. वगैचा व्यवस्थापक (माली) को प्रारिश्रमिक भत्ता ।

घ. सुरक्षा गार्ड पाले पहराको पारिश्रमिक।

ङ. सवारी साधन खरिद तथा अन्य उपकरण खरिद तथा मर्मत सम्भार।

च. पानी, ट्याकङ्की मर्मत थप धारा जडान।

छ. कार्यालयको Layout, सवारी पार्किङ मर्मत।

ज. अनुगमन/आतिथ्यता सत्कार।

झ. कार्यालयको सुचना अभिलेख र प्रचार प्रसार।

ञ. विपद् व्यवस्थापन, तत्काल राहत।

ट. अन्य आकस्मिक र भैपरी आउने खर्च।

ठ. कार्यालयबाट सार्वजनिक सरोकारका चासो तथा महत्वका विषयमा उठाइएका सवालहरुको अन्तरक्रियात्मक कार्यक्रम संचालन खर्च ।

ड. सेवा करार, परामर्श सेवा पारिश्रमीक।

ढ. खानेपानी, विजुली संचार।

ण. सरकारी साधन मर्मत, नविकरण।

त. सरसफाई।

थ. नवप्रवर्तन कार्यक्रम ( वार्षिक स्वीकृत कार्यक्रम) ।

द. पर्यटन, प्रविधी तथा संस्कृतीको प्रर्वद्धन र विकास।

ध. ल्याव परिक्षणको लागि शुल्क भुक्तानी।

न. असल स्थानीय तह/अन्तर जिल्ला समन्वय समितिको भागिनी सम्वन्ध।

प. साविक जिल्ला विकास समितिवाट निर्माण भएका सडकहरुको निर्माण तथा मर्मत सम्भार।

फ. जि.स.स. का पदाधिकारी र सेवा करार कर्मचारीको कामको सिलसिलामा भएको दुर्घटनाको उपचार सहयोग।

**७. अन्य स्रोतबाट प्राप्त रकम:** कोप तथा लेखा नियन्त्रक कार्यालयमा रहेको समितिको नाममा विविध ६(ख) खातामा जम्मा गरी राखीने छ र छुट्टै लेजर राखी आम्दानी र खर्चको लेखाजोखा र नियन्त्रण गरिनेछ ।

८. खर्च गर्ने स्वीकृती

क. अन्य स्रोतको रकम खर्च गर्नको लागी जिल्ला समन्वय समितिबाट खर्च शिर्षक छुट्याई अनुमानित रकम विनियोजन गरिनेछ ।

ख. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको अधिनमा रही खर्च गरिनेछ ।

९. रकम जम्मा गर्ने र खर्च गर्ने विधी/प्रक्रिया

१. अन्य आयबाट प्राप्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ६(ख) विविध खातामा Lagder मार्फत नियन्त्रण गर्ने।

२. जुन आर्थिक वर्षमा खर्च गर्न गइरहेको छ त्यस आर्थिक वर्षको स्वीकृत जिल्ला दररेटलाई आधार मान्ने।

३. खर्चको आन्तरिक लेखा परिक्षण र महालेखा परिक्षणको प्रचलित कानुन बमोजिम गराई श्रेस्ता अद्यावधिक गर्ने।

४. विपद् व्यवस्थापनमा तत्कालीन मानवीय राहत उपलब्ध गराउँदा प्रचलित कानुनी सिद्धान्तलाई अवलम्बन् गर्ने । दोहोरो नपर्ने तर्फ विशेष सजग रहने ।

१०. खाता संचालन :

(१) कोषको खाता संचालन जिल्ला समन्वय अधिकारी र जिल्ला समन्वय समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

२. चालु आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभई बाँकी रहेको कोषको रकम आगामी वर्ष यसै कार्यविधी वमोजिम जि.स.स. बाट खर्च बाँडफाँड गरी सम्बन्धित शिर्षक छुट्टयाई खर्च गर्ने अनिबार्य ब्यवस्था हुनेछ।

११. यस कार्यविधीमा उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

.समाप्त.